## आ.व. २०७९।०८० को एघारौँ कार्यपालिका बैठक

आज मिति २०७९।०९।१३ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्ट ज्यूको अध्यक्षतमा तथा तपिशल बमोजिमका सदस्यहरुको उपस्थितमा गाउँ कार्यपालिकाको बैठक बस्यो। बैठकको उपस्थिति र निर्णयहरु यस प्रकार छन्।

### उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका। |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रण बहादुर फुजाली सार्की, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका। |
| सदस्य सचिव | श्री | जिवराज पौडेल, राप्ती गाउँपालिका। |

### आमन्त्रित

श्री धन प्रसाद शर्मा लेखा अधिकृत

श्री बालचन्द्र गुरुङ सुचना तथा प्रविधि अधिकृत

श्री सुबास भट्टराई क.अ.

श्री रेशम राज शर्मा स. ले. प.

श्री तुल बहादुर कंवर मगर

सिता पौडेल (सहायक पार्को)

दामोदर आचार्य (अधिकृत)

## उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**प्रस्तावहरु**

१. नदीज्य पदार्थको अल्पकालिन व्यवस्थापन गर्ने सम्बन्धमा।

**निर्णयहरु**

**निर्णय न १.**: राप्ती गाउँपालिकाको विकास निर्माणको काम हाल द्रुत गतिमा भइरहेको र स्थानीयवासीको निजी निर्माणको काम समेत तिव्र गतिमा भइरहेको हुँदा स्थानीय स्तरमा नदीजन्य पदार्थको निर्माण सामाग्रीहरु जस्तै ढुंगा, गिट्टी, बालुवाको माग अन्यन्त बढी मात्रामा भइरहेको छ। यसरी हाल स्थानीय माग परिपुर्तिका लागि खोलामा जाने अनुमति नभएकोले रातको समयमा चोरी निकासी बढेको हुँदा स्वीकृत आ.इ.इ. बमोजिम देहायका ५ वटा घाटहरुमा ठेक्का व्यवस्थापन प्रकृयामा रहेको र ठेक्का व्यवस्थापन भइ सम्झौता भएपछि सोही संझौता बमोजिम हुने गरी मिति २०७९ पुस १४ गते देखि लागु हुने गरी एक महिनाको लागि कार्यालयबाट कर्मचारी खटाई तपशिल बमोजिमको घाटहरु तपशिल बमोजिमको शर्तमा तोकिए बमोजिमको राजश्व लिई ढुङगा गिट्टी वालुवा निकासीको व्यवस्थापन गर्ने र हाल नदिमा जम्मा गरिएका ढुङगा, गिट्टी, बालुवा लाइ राजश्व लिइ निकासीको लागि अनुमति दिने।

**तपशिल**

१. बगरापुर घाट वडा न. ५, ६, ७, ८

२. वसन्तापुर घाट वडा न. १, २, ३, ४ र ९

**सर्तहरु**

क. तोकिएको घाटमा विहान ८ बजे देखि साँझ ५ बजे सम्म प्रवेश गर्ने र बाहिरिने।

ख. विदाको दिनमा कार्यालयले कर्मचारी व्यवस्थापन गर्ने।

ग. व्यवसायिक प्रयोजनको लागि उत्खन्न गर्न नपाइने।

घ. नियमित रुपमा कार्यपालिकाले समुह बनाएर सुरक्षा निकायको साथमा अनुगमन गर्ने।

ङ. वडाले विवरण खुलाई निशुल्क रुपमा सिफारिस उपलब्ध गराउने।